# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र

बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ०८ संख्याः१६ मितिः२०८२/०३/२६

भाग १

## बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सूचना

## बन्दीपुर अस्पताल संचालन तथा व्यवस्थापन ऐन, २०८२

# बन्दीपुर अस्पताल संचालन तथा व्यवस्थापन ऐन, २०८२

<u>प्रस्तावनाः</u> वि.स.ः २०२२ सालमा अस्पतालको रुपमा स्थापित तात्कालिन जिल्ला अस्पताल, वि.स.ः २०७४ मा स्थानीय तह बन्दीपुर गाउँपालिका अन्तर्गत हस्तान्तरण भई संचालनमा रहेको बन्दीपुर अस्पतालद्वारा उपलब्ध भईरहेका प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवाको संचालन तथा व्यवस्थापन गर्न तथा बन्दीपुर अस्पतालको कामकारवाही गुणस्तरीय, चुस्त, दुरुस्त बनाई प्रभावकारी स्वास्थ्य सेवा प्रबाह गर्न बन्दीपुर अस्पताल संचालन तथा व्यवस्थापन ऐन बनाउन वान्छनीय रहेकाले,

स्थानीय सरकार संचालन ऐनः२०७४ को दफा ११ को उपदफा (२) (झ) (३) र दफा १०२ अनुसार बन्दीपुर गाउँ सभाले यो ऐन बनेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यो ऐनको नाम **"बन्दीपुर अस्पताल संचालन तथा व्यवस्थापन ऐन, २०८२"** रहेको छ ।

(२) यो ऐन तुरून्त लागू हुनेछ ।

२. <u>परिभाषाः</u> बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "अस्पताल" भन्नाले बन्दीपुर गाउँपालिका अन्तर्गतको बन्दीपुर अस्पताल तथा बन्दीपुर अस्पताल अन्तर्गतको कार्यजिम्मेवारिमा पछि थप हुन आउने अन्य शाखाहरु समेतलाई सम्झनु पर्छ ।

(ख) "व./मे.सु." भन्नाले बन्दीपुर अस्पतालको कार्यालय प्रमुख "वरिष्ठ/मेडिकल सुपरिटेन्डेन्ट" सम्झनु पर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बन्दीपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(घ) "उपाध्यक्ष" भन्नाले बन्दीपुर गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले बन्दीपुर गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(छ) "पालिका" भन्नाले बन्दीपुर गाउँपालिका सम्झनु पर्छ ।

(ज) "कार्यपालिका" भन्नाले बन्दीपुर गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(झ) "गाउँ सभा" भन्नाले बन्दीपुर गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ ।

(ञ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ ।

(ट) "नेपाल सरकार" भन्नाले "संघीय सरकार" भन्ने सम्झनु पर्छ ।

(ठ) “ऐन” भन्नाले “बन्दीपुर अस्पताल संचालन तथा व्यवस्थापन ऐन, २०८२” सम्झनु पर्छ ।

(ड) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकेको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. <u>समितिको गठनः</u> (१) बन्दीपुर गाउँपालिका अन्तर्गतको बन्दीपुर अस्पतालको संचालन तथा व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमका पदाधिकारी रहेको बन्दीपुर अस्पताल संचालन तथा व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) गाउँपालिका अध्यक्ष --- अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष --- उपाध्यक्ष

(ग) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत --- सदस्य

(घ) गाउँपालिकाको सामाजिक बिकास समितिका संयोजक --- सदस्य

(ङ) सम्बन्धित वडाको वडाध्यक्ष --- सदस्य

(च) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख --- सदस्य

(छ) बन्दीपुर गाउँपालिकाको स्थायी बसोबास रहेको स्वास्थ्य वा सामाजिक क्षेत्रमा क्रियाशील लब्धप्रतिष्ठित कम्तिमा स्नातक उतिर्ण गरेको व्यक्तिहरु मध्येबाट समितिको अध्यक्षले मनोनित गरेको कम्तिमा एक जना महिला सहित दुई सदस्यहरु --- सदस्य

(ज) व./मेडिकल सुपरिटेण्डेन्ट --- सदस्य सचिब

(२) देहायको व्यक्ति सदस्यमा नियुक्तिका लागि योग्य हुनेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरेको ।

(ख) उच्च नैतिक चरित्र भएको ।

(ग) विदेशी राष्ट्रको नागरिकता वा स्थायी आवासीय अनुमति वा ड्राइभर्सीटि भिसा नलिएको ।

(३) उपदफा (१) (छ) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (१) (छ) बमोजिम मनोनित सदस्यहरुलाई पालिका अध्यक्षले नियुक्ति पत्र दिनेछन् ।

(५) उपदफा (घ) र (ङ) को व्यक्ति एकै जना भएमा पालिका अध्यक्षले उपदफा (घ) मा पालिकाको अन्य वडाध्यक्ष मध्ये एक जनालाई नियुक्ति गर्नु पर्नेछ ।

(६) समितिले आवश्यक देखेमा कुनै कर्मचारी वा व्यक्ति वा अन्य कुनै बिषय विज्ञलाई समितिको बैठकमा उपस्थिति हुन आमन्त्रण गर्न सक्नेछ ।

४. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अस्पतालको विकासका लागि सरोकारवालाहरुसँग आवश्यक समन्वय एवम् स्रोत-साधन व्यवस्थापन गरी अस्पतालबाट प्रदान गरीने सेवाहरुलाई गुणस्तरीय, चुस्त दुरुस्त बनाउन सहयोग गर्ने,

(ख) अस्पतालको अल्पकालीन तथा दिर्घकालिन योजना तर्जुमा गर्न सहयोग गर्ने,

(ग) अस्पतालबाट प्रदान गरीने सेवा सुविधाहरुलाई सरल, व्यवस्थित, सर्वसुलभ र पारदर्शी बनाउने,

(घ) अस्पतालबाट प्रदान गरीएका सेवा सुबिधाहरुको नियमित अनुगमन, मुल्यांकन र पृष्ठपोषण गर्ने,

(ङ) अस्पताल जन्य फोहोरमैला व्यवस्थापनको उचित प्रबन्ध मिलाउन सहयोग गर्ने,

(च) सरकारी, गैर सरकारी संस्थाहरुसँग सहकार्य समन्वय एवम् साझेदारी गरी स्वास्थ्य सेवा विस्तार तथा व्यवस्थापन गर्न सहयोग गर्ने

(छ) अस्पतालको संगठन तथा व्यवस्थापन सर्वेक्षण एवम् आवश्यक जनशक्ति दरबन्दी सम्बन्धमा कार्यपालिकामा स्वीकृतिका लागि पेश गर्ने,

(ज) स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गतका स्वास्थ्य सेवा सुबिधाहरु प्रबाहको सुनिश्चितता गर्ने/गराउने,

(झ) सामाजिक सुरक्षा कोष वा नेपाल सरकारद्वारा संचालित स्वास्थ्य सेवा प्रबाहसँग सम्बन्धित अन्य कार्यक्रमहरुलाई पनि प्रभाबकारी रुपमा संचालन गर्ने/गराउने,

(ञ) अस्पतालमा आउने सेवा प्रवाह संग सम्बन्धित विवाद तथा समस्या समाधान गर्ने/गराउने,

५. **<u>समितिको बैठक सम्बन्धि व्यवस्थाः</u>**

(१) समितिको बैठक मासिक रूपमा एक पटक बस्नुपर्नेछ । आवश्यकता अनुसार अध्यक्षले थप बैठक बोलाउन सक्नेछन् ।

(२) समितिको बैठक अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(३) समितिको बैठक बस्नु अगावै सदस्य सचिवले बैठकको एजेण्डा सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थिति भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ तर आपतकालीन अवस्था, तत्कालै निर्णय गर्नुपर्ने संबेदनशील विषय, काबुबाहिरको परिस्थिति भएमा वा अध्यक्षको सहमति द्वारा निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ ।

(७) सदस्य सचिव तथा अध्यक्षले समितिको निर्णय प्रमाणित गरी राख्नु पर्नेछ ।

(८) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

६. <u>अध्यक्षको काम कर्तव्य र अधिकारः</u> अध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको विस्तार एवम् गुणस्तरीय स्वास्थ्य सेवा प्रबाहको लागि आवश्यक पर्ने श्रोत/साधन जुटाउने,

(ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह, समुदाय र सम्बन्धित निकायका बिचमा आवश्यक समन्वय र सहकार्य गर्ने,

(ग) प्रचलित कानुनको अधिनमा रही अस्पतालको विकास, संचालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था गर्ने/गराउने,

(घ) समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ङ) समितिद्वारा गर्नुपर्ने काम कर्तव्यहरुलाई समय मै सम्पन्न गर्ने/गराउने,

(च) समय समयमा अस्पतालको निरीक्षण गरी अस्पतालको सेवा प्रवाह सम्बन्धमा प्राप्त सेवाग्राहीको गुनासो सम्बोधन गर्ने/गराउने ।

७. <u>सदस्य-सचिवको काम कर्तव्य र अधिकारः</u> सदस्य सचिवको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) समितिको सदस्य सचिवको रुपमा काम गर्ने,

(ख) समितिको निर्णय प्रमाणित गरी कार्यान्वयन गर्ने/गराउने,

(ग) अध्यक्षसँगको समन्वयमा बैठकको एजेण्डा तयार गरी बैठक बोलाउने,

(घ) अस्पतालको आन्तरिक श्रोतको समितिको निर्णयानुसार परिचालन गर्ने/गराउने,

(ङ) अस्पतालका कर्मचारी छनौट समितिको संयोजकको जिम्मेवारी निर्बाह गर्ने/गराउने,

(च) समितिले गरेको निर्णय अनुरुपका अन्य आवश्यक कार्यहरु गर्ने/गराउने,

८. <u>अस्पतालको लेखा र लेखा परीक्षण सम्बन्धि व्यवस्थाः</u>

१) बन्दीपुर अस्पताल बन्दीपुर गाउँपालिकाको एक खर्च केन्द्रको रुपमा रहनेछ ।२) बन्दीपुर अस्पतालको खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने कार्य बन्दीपुर गाउँपालिकाको विनियोजन ऐन तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

३) अस्पतालको आय-व्ययको लेखा महालेखा परिक्षकको कार्यालयले तोकेको ढाँचा बमोजिम राख्नु पर्नेछ ।

९. <u>जनशक्ति सम्बन्धि व्यवस्थाः</u> (१) समितिले अस्पतालमा थप सेवा विस्तार तथा गुणस्तर अभिवृद्धि गर्नको लागि अस्पतालको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम जनशक्ति सेवा करारमा लिन सकिनेछ ।

(२) अस्पतालका कर्मचारी छनौट समिति तपशिल बमोजिमको हुनेछः

(क) व/मेडिकल सुपरिटेण्डेन्टः - संयोजक

(ख) सम्बन्धित बिषय बिज्ञ (संयोजकले मनोनयन गरेको) एक जनाः - सदस्य

(ग) अस्पताल प्रशासन शाखा प्रमुख वा रिक्त रहेमा संयोजकले तोकेको एक जनाः - सदस्य सचिब

(३) उपदफा (२) बमोजिमको कर्मचारी छनौट समितिले अबलम्बन गर्ने छनौट प्रकृया सोहि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. <u>सेवा विस्तारः</u> (१) गाउँपालिकाले चाहेमा अस्पतालको शाखा तथा सेवा पालिका भित्र विस्तार गर्न सक्नेछ ।

११. <u>निर्देशन दिन सक्नेः</u> (१)कार्यपालिकाले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिईएको लिखित निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१२. <u>सेवा शुल्कः</u> (१) बन्दीपुर अस्पताल द्वारा उपल्बध हुने स्वास्थ्य सेवा एवम् परीक्षण सम्बन्धी शुल्कहरू बन्दीपुर गाउँपालिका आर्थिक ऐन अनुसार हुनेछ ।

(२) आर्थिक ऐनमा निर्धारण नभएका सेवा तथा शुल्कहरू सभा नचलेको अवस्थामा थप गर्नु परेमा समितिको सिफारिसमा राजश्व परामर्श समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. <u>नियम बनाउने अधिकारः</u> (१) समितिको काम कर्तव्य अधिकार सुचारु रुपले संचालन गर्न यस ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, विनियम, निर्देशिकाहरु बनाउन सक्नेछ ।

१४. <u>संशोधनः</u> (१) यस ऐनलाई आवश्यकता अनुसार संसोधन गर्नुपर्ने भएमा गाउँ सभाद्वारा गर्नुपर्नेछ ।

१५. <u>खारेजी र बचाउः</u> (१) यस ऐन लागु भएको मिति देखि साबिकको कार्यसञ्चालन समिति स्वतः विघटन हुनेछ।

(२) साविकको अस्पताल सञ्चालन समिति द्वारा भए गरेका काम कारवाहि तथा निर्णयहरू यसै ऐन द्वारा भएको मानिनेछ ।

आज्ञाले:
यादवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

*****